## छलफलका विषय वस्तुहरु

१. शुभकामना आदान प्रदान सम्बन्धमा ।

२. समिक्षा सम्वन्धमा ।

३. भूमि समस्या समाधान सहजिकरण समिति गठन सम्वन्धमा।

४. भूमि समस्या समाधान मापदण्ड निर्धारण सम्बन्धमा ।

५. गुरूकुल वेद विद्याश्रमको नाम परिवर्तन सम्बन्धमा ।

६. कक्षा थप सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा ।

७. कार्यविधिहरु पास गर्ने सम्बन्धमा ।

(क) स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०८१

(ख) विषयगत समितिको बैठक सञ्चालन कार्यविधि, २०८१

८. विविध ।

(क) आर्थिक सहायता सम्बन्धमा ।

(ख) सार्वजनिक सुनुवाई सम्बन्धमा ।

(ग) मेड्पा कार्यक्रम सम्बन्धमा ।

(घ) समपूरक र विशेष योजनाहरु माग सम्बन्धमा ।

(ङ) परियोजनामा लागत साझेदारी सम्बनधमा ।

CamScanner

# छलफल तथा निर्णयहरु

**निर्णय नं. १ शुभकामना आदान प्रदान सम्बन्धमाः-** नव वर्ष २०८२ सालको पावन अवसरमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवम् समृद्धिको कामना सहित देश विदेशमा रहनु हुने सम्पूर्ण महानुभावमा शुभकामना आदान प्रदान गरियो ।

**निर्णय नं. २ समिक्षा सम्बन्धमाः-** यस अघिका कार्यपालिका बैठकका निर्णयहरु लिपिबद्ध गरी केही निर्णयहरु कार्यान्वयन भई सकेका र अन्य निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने विषयमा समिक्षा एवम् छलफल गरियो ।

**निर्णय नं. ३ भूमि समस्या समाधान सहजिकरण समिति गठन सम्वन्धमाः-** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को नियम ४ को उपनियम (१) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजिकरण गर्न तपसिल बमोजिमको सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| (क) श्री गोविन्द प्रसाद थपलिया, गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) श्री विर बहादुर तामाङ, गाउँपालिका उपाध्यक्ष | - उपसंयोजक |
| (ग) श्री भगवती बुढाथोकी, कार्यपालिका सदस्य | - सदस्य |
| (घ) श्री जानुका खाती सुनार , कार्यपालिका सदस्य | - सदस्य |
| (ङ) श्री कविराज गुरुङ, सभापति, नेपाली काङ्ग्रेस, शिवपुरी गा.पा. | - सदस्य |
| (च) श्री कमल तामाङ, अध्यक्ष, ने.क.पा. एमाले, शिवपुरी गा.पा. | - सदस्य |
| (छ) श्री मिन बहादुर तामाङ, अध्यक्ष, ने.क.पा. माओवादी केन्द्र, शिवपुरी गा.पा. | - सदस्य |
| (ज) श्री नरेन्द्र राज गोतामे, सभापती, राष्ट्रिय स्वतन्त्र पार्टी, शिवपुरी गा.पा. | - सदस्य |
| (झ) श्री सुदर्शन बुढाथोकी, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी, शिवपुरी गा.पा. | - सदस्य |
| (ज) श्री बद्रिनाथ लम्साल, प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

**निर्णय नं. ४ भूमि समस्या समाधान मापदण्ड निर्धारण सम्वन्धमाः-** भूमिहीन सुकुम्वासी, दलित र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउने प्रयोजनको लागि तपसिल बमोजिमको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | आधार | मापदण्ड |
|---|---|---|
| (१) | सडक (मूल सडक र गोरेटो तर्फ) | |
| | (क) मध्ये लोकमार्गको दायाँ बायाँ | ३१ मिटर |
| | (ख) स्थानीय सडक | |

CamScanner

| क्र.सं. | आधार | मापदण्ड |
|---|---|---|
| | - 'क' वर्गको सडकको दायाँ बायाँ | १२ मिटर |
| | - 'ख' वर्गको सडकको दायाँ बायाँ | ८ मिटर |
| | - 'ग' वर्गको सडकको दायाँ बायाँ | ७ मिटर |
| | (ग) गोरेटो बाटो | ५ मिटर |
| (२) | खोला, नदि, नाला, सडककुलो, खोल्सी, राजकुलो | |
| | राजकुलोको हकमा दायाँ बायाँ | ६ मिटर |
| | सिंचाई कुलोको हकमा दाँया बायाँ | ५ मिटर |
| | नहरको हकमा दायाँ बायाँ | ७ मिटर |
| | खोल्साको हकमा दायाँ बायाँ | १० मिटर |
| | खोला/नदिको हकमा दायाँ बायाँ | ३५ मिटर |
| (३) | सार्वजनिक, धार्मिक स्थल | |
| | मसानसँग जोडिएको जग्गाको हकमा सिमानाबाट | ८ मिटर |
| | धार्मिक स्थल र सार्वजनिक जग्गाको हकमा सिमानाबाट | १२ मिटर |
| | खेलमैदानसँग जोडिएको जग्गाको हकमा सिमानाबाट | १२ मिटर |
| | दर्ता भएको खानेपानीको मुहानसँग जोडिएको जग्गाको हकमा सिमानाबाट | १८ मिटर |
| | सरकारी कार्यालयसँग जोडिएको जग्गाको हकमा सिमानाबाट | ७ मिटर |

**निर्णय नं. ५ गुरूकुल वेद विद्याश्रमको नाम परिवर्तन सम्वन्धमाः-** शिवपुरी गाउँपालिका वडा नं. ६ स्थित त्रिवेणी धाममा तिर्थस्थल सुधार र संरक्षण संस्थाको व्यवस्थापनमा वेद विद्याश्रम सञ्चालनमा रहेको । उक्त विद्याश्रमको मिति २०८१/०९/१४ को सञ्चालक समितिको सिफारिस अनुसार नामाकरण गरिएको संस्थाको नाम "श्रीकृष्ण तिर्थस्थल वेद विद्याश्रम (गुरुकुल), शिवपुरी-६, त्रिवेणी धाम, नुवाकोट" कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ कक्षा थप सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमाः-** शैक्षिक सत्र २०८२ देखि तपसिलका विद्यालयहरुमा कक्षा थप गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | थप हुने कक्षा |
|---|---|---|
| १ | श्री हिल्चे आ.वि., शिवपुरी-१, तलाखु, नुवाकोट | ६ |

| | | |
|---|---|---|
| २ | श्रीकृष्ण तिर्थस्थल वेद विद्याश्रम (गुरुकुल), शिवपुरी-६, त्रिवेणी धाम, नुवाकोट | ७ |

**निर्णय नं. ७ कार्यविधिहरु पास गर्ने सम्बन्धमाः-** तपसिलमा उल्लेखित कार्यविधिहरु पास गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | कार्यविधिको नाम |
|---|---|
| १ | स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०८१ |
| २ | विषयगत समितिको बैठक सञ्चालन कार्यविधि, २०८१ |

**निर्णय नं. ८ विविधः**

**(क) आर्थिक सहायता सम्बन्धमाः-** शिवपुरी गाउँपालिका वडा नं. १ तलाखु निवासी श्री विना (थिङ) तामाङ (ना.प्रा.नं. २५०३६९/०10) लडि घाइते भई मेरुदण्ड भाँचिएर काठमाडौं मेडिकल कलेज, सिनामंगलमा उपचारत रहेको र निजको आर्थिक अवस्था निकै नाजुक भएकोले रु. ५०,०००।- (अक्षरुपीः पचास हजार रुपैयाँ मात्र।) आर्थिक सहायता स्वरुप प्रदान गर्ने निर्णय गरियो।

**(ख) सार्वजनिक सुनुवाई सम्बन्धमाः-** सम्वत् २०८२ साल वैशाख २५ गते बिहीवारका दिन गाउँपालिकाको कृषि उपज संकलन केन्द्रमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो।

**(ग) मेड्पा कार्यक्रम सम्बन्धमाः-** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत उद्यमीको आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एड्भान्स सीप विकास तालिम शीर्षकमा विनियोजित बजेटबाट कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**(घ) समपूरक र विशेष योजनाहरु माग गर्ने सम्बन्धमाः-** आ.व. २०८२/०८३ का लागि प्रदेश समपुरक र विशेष अनुदान लागि तपसिल बमोजिम योजना छनौट गरि माग गर्ने निर्णय गरियो।

<u>समपुरक तर्फ</u>

| क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | सितलपाटी-खनियाचौर-लोकमार्ग सत्तरी सडक स्तरोन्नती | ८ |

CamScanner

| क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| २ | हिल्चे-विसौनी-चिसापानी-सडक स्तरोन्नती | १ |
| ३ | अखौंले-चनभूमे आ.वि.-पाठकथोक-वडा कार्यालय सडक स्तरोन्नती | ६ |
| ४ | गाउँपालिका-लोकमार्ग-लप्से-बुढाथोकीटोल-पञ्चेथोक-देउराली-स्याउरेभूमे मा.वि.-वडा कार्यालय-पूँडी भञ्ज्याङ सडक स्तरोन्नती | ४ |
| ५ | मैदान-लिप्टोल-गुराँसे-माझीटोल-गोपी खोला सडक स्तरोन्नती | ३ |

<u>विशेष तर्फ</u>

| क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | चापाबोट आ.वि. सुधारका लागि पूर्वाधार निर्माण कार्यक्रम | २ |
| २ | श्रीकृष्ण तिर्थस्थल वेद विद्याश्रम (गुरुकुल) को पूर्वाधार निर्माण | ६ |
| ३ | चिसापानी पर्यटन पार्क निर्माण | १ |

**(ङ) परियोजनामा लागत साझेदारी तथा अवधारणा-पत्र पेश गर्ने सम्बन्धमाः-**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित स्थानीय शासन सवलीकरण कार्यक्रम तर्फ नवप्रवर्तन साझेदारी कार्यक्रमको अवधारणा पत्र पेश गर्ने भन्ने सूचनाका सम्वन्धमा उक्त कार्यक्रममा यस गाउँपालिका सहभागी हुने र सो कार्यक्रम कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को नियम २२ को उपनियम (ख) बमोजिम परियोजनाको कुल लागत रकम रु. १,००,००,०००।- (अक्षरुपीः एक करोड रुपैयाँ मात्र।) को ३० प्रतिशतले हुने रकम रु. ३०,००,०००।- (अक्षरुपीः तीस लाख रुपैयाँ मात्र।) समेत यस गाउँपालिकाको साझेदारीको हिस्सा रहने प्रतिवद्धता जनाउदै परियोजनाको अवधारणा पत्र पेश गर्ने निर्णय गरियो।

CS CamScanner